# नव तिलोत्तमा

बुटवल 94.4 mhz एफ.एम

वर्ष १४ | अंक २५५ | ०७७ कार्तिक ०५ गते बुधबार | 2020 Oct 21 Wednesday | पृष्ठ संख्या ४ | मुल्य रू. ४



शुद्ध खाद्य पदार्थको प्रयोग गरौं, स्वस्थ जीवन यापन गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


## ‘पिसिआर परीक्षणको व्यवस्था नहटाउ’

काठमाडौँ, ४ कात्तिक । कोभिड-१९ सङ्क्रमण नेपालमा भयावह हुँदै गइरहेको स्थितिमा पिसिआर परीक्षण निःशुल्करुपमा व्यापक विस्तार गर्न मानव अधिकार तथा शान्ति समाजले माग गरेको छ। सङ्क्रमणको चाप अनुसार समुचित उपचारको व्यवस्था गर्नुपर्ने र सङ्क्रमण विस्तार हुन नदिन आवश्यक प्रबन्धसहित मापदण्ड अवलम्बन गर्नुपर्नेमा सरकार दिनप्रतिदिन फितलो हुँदै गएको समाजका महासचिव सुशील बस्नेतले मंगलबार विज्ञप्तिमार्फत माग गर्नुभएको हो । “नागरिकको स्वास्थ्य, शिक्षा र जीवनयापनका सवालमा गम्भीर भई आवश्यक प्रबन्धसहितको व्यवस्था गर्न सरकारलाई समाज विशेष आग्रह गर्दछ”, उहाँले भन्नुभएको छ। सङ्क्रमण व्यापक हुँदै गएको र मृत्युदरसमेत बढ्दै गएको समयमा उपचारका लागि अत्यावश्यक आइसियु, भेन्टिलेटरसहितका अस्पतालको सङ्ख्या वृद्धि गर्नुपर्नेमा बस्नेतले जोड दिनुभएको छ। रासस

## ‘स्वास्थ्यसम्बन्धी हकको सुनिश्चितता गर’

काठमाडौँ, ४ कार्तिक। राष्ट्रिय मानव अधिकार आयोगले कोभिड-१९ को जटिल परिस्थितिमा सङ्क्रमित बिरामीको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न र मृत्यु भएकाको शव व्यवस्थापन गरी नागरिकको संविधान प्रदत्त स्वास्थ्यसम्बन्धी हकको सुनिश्चितता गर्न सरकारलाई आग्रह गरेको छ। आयोगमा सचिव वेदप्रसाद भट्टराइले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा सरकारले सरकारी अस्पतालले ‘कोरोना सङ्क्रमण भई उपचारत बिरामीले यही कात्तिक २ गतेदेखि लागू हुने गरी सम्पूर्ण खर्च बिरामी स्वयंले व्यहोर्नुपर्ने’ भनी सूचना प्रकाशित गरेकोप्रति ध्यानाकर्षण जनाउँदै सो आग्रह गरेको छ। विश्वव्यापीरुपमा फैलिरहेको कोभिड-१९ बाट सङ्क्रमितको सङ्ख्या पछिल्लो समय दिन प्रतिदिन तीव्र गतिमा बढ्दै गइरहेको अवस्थामा सरकारले अबदेखि कोभिडका बिरामीको उपचार खर्च नब्योहोर्ने, सङ्क्रमणबाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनसमेत नगर्ने र सम्बन्धित व्यक्ति वा परिवारले आफैँ शव व्यवस्थापन गर्नुपर्ने भन्नेमा आयोगले ध्यानाकर्षण जनाएको छ। नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ सेवा निःशुल्क प्राप्त गर्ने हक हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने र प्रत्येक (बाँकी ३ पेजमा...)

# लक्षित वर्गलाई मात्र कोभिड-१९ को उपचार



काठमाडौँ, ४ कार्तिक । सरकारले अब सबै मानिसलाई कोभिड-१९ को उपचार नगरी लक्षित वर्गलाई मात्र निःशुल्क परीक्षणको व्यवस्था गरेको छ । मन्त्रिपरिषद् बैठकले कोभिड-१९ को निश्चित लक्षित वर्गलाई मात्र निःशुल्क परीक्षण र उपचार खर्च गराउने निर्णय गरेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिनुभयो । यो निर्णयसँगै अब सबै मानिसले कोभिड-१९ को परीक्षण र उपचार गर्नका लागि आफैँले रकम तिर्नुपर्ने हुन्छ। यसअघि सरकारले कोभिड-१९ का सङ्क्रमणलाई निःशुल्क उपचार गर्ने व्यवस्था गरेको थियो । “पहिले जसरी नागरिकले सरकारबाट स्वास्थ्य सेवा जसरी पाइरहेका थिए । अब त्यसरी नै पाउने छन्”, उहाँले भन्नुभयो, “सोहीअनुसार अब लक्षित वर्गलाई मात्र उपचार खर्च सरकारले व्यहोर्छ।” सरकारले कोभिड-१९ को सङ्क्रमणको उपचारबापत अस्पताललाई अनुदान उपलब्ध गराउनेसम्बन्धी (दोस्रो संशोधन) आदेश,२०७७ अनुसार ती लक्षित वर्गको निःशुल्क गर्न उपचार गर्ने भएको हो । विपन्न, अशक्त, असहाय, असहाय एकल महिला, अति अपाङ्गता, ज्येष्ठ नागरिक, अग्रपक्तिमा खटिने स्वास्थ्यकर्मी, सरसफाइ कर्मचारी, सुरक्षाकर्मीलगायत जोखिम क्षेत्रमा कार्यरत रहेका कर्मचारीको मात्र निःशुल्क परीक्षण र उपचार खर्च व्यहोर्ने भएको हो। ती लक्षित वर्गले आवश्यक कागजातसमेत पेश गर्नुपर्ने छ । विपन्न वर्गले विपन्न परिचयपत्र वा विपन्न नागरिकलाई उपचारसम्बन्धी निर्देशिकाअनुसारको सिफारिस, अशक्त व्यक्तिले अशक्तताको प्रमाणपत्र वा स्वयघोषणा, असहाय व्यक्ति सिफारिस वा स्वयघोषणा, एकल महिलाले एकल महिलाको परिचयपत्र वा स्वयघोषणा, अति अपाङ्गता व्यक्तिले अपाङ्गताको प्रमाण पत्र पेश गर्नुपर्ने हुन्छ। यस्तै ज्येष्ठ नागरिकले ७० वर्ष पुगेको नागरिकताको प्रमाणपत्र र अग्रपङ्क्तिमा खटिने कर्मचारीको हकमा भने सम्बन्धित कार्यालयको परिचत्रपत्र हुनुपर्ने उल्लेख छ। ती लक्षित वर्गले कुनै पनि बीमा कम्पनीबाट कोरोना बीमा गरेको भएमा परीक्षण र उपचार खर्च निजको बीमा रकमबाट व्यहोरिने छ। रासस


हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड
‘विजया दशमी शुभ-दिपावली तथा छठ पर्व -२०७७’
को पावन अवसरमा उद्योगी, ब्यवसायी, कर्मचारी शुभचिन्तक तथा सम्पुर्ण देशबासीहरुमा सुख शान्ति, समृद्धि र दिर्घायुकोलागी मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

हरिराम कसौधन
महासचिव

एवं

प्रेम न्यौपाने
अध्यक्ष

पश्चिञ्माचल पेट्रोलियम डिलर्स एशोसियशन
परिवार, बुटवल-६



हार्दिक मंगलमय शुभकामना

‘विजया दशमी शुभ-दिपावली तथा छठ पर्व -२०७७’
को उपलक्ष्यमा यस संस्थाका शेयरसदस्य, सेवाग्राही कर्मचारी, शुभचिन्तक तथा सम्पुर्ण देश बासीहरुमा सुख शान्ति, समृद्धि र दिर्घायुकोलागी मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

दामोदर ज्ञवाली
अध्यक्ष

मातृभूमि बहुउद्देश्यीय सहकारी लि
परिवार बुटवल, रुपन्देही


## तिलोत्तमा निःशुल्क पिसिआर

तिलोत्तमा, ४ कार्तिक । रुपन्देहीकोतिलोत्तमानगरपालिकाले कोरोना संक्रमणबाट मृत्यु भएका नगरबासीको शव व्यवस्थापनको जिम्मा नगरपालिकाले नैं लिने निर्णय गरेको छ । कार्यवाहक नगर प्रमुख जगेश्वरदेवी चौधरीको अध्यक्षतामा मंगलबार बिहान बसेको कोभिड संकट व्यवस्थापन केन्द्र (सिसिएमसी) को बैठकले कोरोना संक्रमणबाट मृत्यु भएका नगरबासीको शव व्यवस्थापन नगरपालिका आफैंले गर्ने निर्णय गरेको हो । यसअघि शव व्यवस्थापनको काम सम्बन्धित पालिकाको सहयोगमा नेपाली सेनाले गर्दै आएको थियो। शव व्यवस्थापन जिम्मेवारीबाट संघीय सरकार पछि हटेपछि तिलोत्तमा नगरपालिकाले त्यसको जिम्मेवारी लिएको हो । बैठकले शव व्यवस्थापनको आवश्यक तयारी गर्न स्वास्थ्य शाखालाई जिम्मेवारी दिएको छ । तिलोत्तमामा मंगलबारसम्म कोरोना संक्रमणबाट ८ जनाको मृत्यु भएको छ । हालसम्म तिलोत्तमाका ७२६ जनालाई कोरोना संक्रमण भएकोमा ३९३ जनाले स्वास्थ्य लाभ गरिसकेका छन् भने ३२५ जना सक्रिय संक्रमित छन् । बैठकले कन्ट्र्याक्ट ट्रेसिङमा परेका नगरबासीको पहिलो पटकको परीक्षण समेत निःशुल्क गर्ने निर्णय गरेको छ। संक्रमितको कन्ट्र्याक्ट ट्रेसिङमा परेर लक्षण देखिएकाहरुको नगरपालिकाको खर्चमा पिसिआर परीक्षण गर्न सरकारी प्रयोगशालासँग सम्झौता गर्ने निर्णय बैठकले गरेको हो । संघीय सरकारले सबैको पिसिआर परीक्षण समेत निःशुल्क नगर्ने निर्णय सार्वजनिक गरिरहँदा तिलोत्तमा नगर सरकारले त्यसको जिम्मेवारी समेत आफैंले लिने निर्णय गरेको हो। यस्तै नगरपालिकाले शंकरनगर आइसोलेशन सेन्टरमा अक्सिजन सिलिन्डरको संख्या थप गर्ने निर्णय समेत गरेको छ। कोरोना संक्रमितले अक्सिजनको अभावमा मृत्युवरण गर्न परिरहेका खबर आइरहँदा तिलोत्तमालेआइसोलेशनमाअक्सिजन सिलिन्डरको संख्या ६ बाट २० पुर्याउने निर्णय गरेको हो । हाल आइसोलेशनको क्षमता ४० बेड रहेकोमा बेडको संख्या पनि बढाउने निर्णय सिसिएमसी बैठकले गरेको कार्यवाहक नगर प्रमुख चौधरीले जानकारी दिनुभयो। हाल तिलोत्तमाको आइशोलेसनमा अन्य पालिकाबाट जाँच भइ आएका २२ जना संक्रमति छन् । बैठकले संक्रमितहरुलाई स्वास्थ्य लाभको कामना गर्दै घर-घरमा आयुर्वेदिक जडिबुटी पुर्याउने कार्यक्रमलाई निरन्तर दिने निर्णय समेत गरेको छ।

बैठकमा प्रमुख प्रशासकीय (बाँकी ३ पेजमा...)


सूचना। सूचना ।। सूचना ।।।

विगत लामो समयदेखी विभीन्न प्रकारका बिमारीहरुलाइ सेवा दिदै आइ रहेको रेसुङ्गा स्वास्थ्य क्लिनिक प्रा.लि भुड्कीचोक बुटवलको विशेष विशेषज्ञ सेवा रहेको जानकारी गराउदछौ।

डा. अन्जनी कुमार बर्नवाल
MBBS / MD
हाडजोर्नी नसा तथा बाथरोग विशेषज्ञ
NMC 8375

डा. संजयकुमार
जनरल ल्याप्रोस्कोपी सर्जन तथा मृगौला रोग विशेषज्ञ
MBBS/MS , NMC 4121

डा. बिनोद भट्टराई
स्पाइनल तथा न्युरोरोग विशेषज्ञ
(पुरानो मेडिकल कलेज भरतपुर)
MBBS / MD/ MCH

डा. प्रविन योगी
स्त्री प्रसुती तथा क्यान्सर रोग विशेषज्ञ
(बिपी कोइराला क्यान्सर अस्पताल भरतपुर)
महिनाको पहिलो शनिवार

अन्य सेवाहरु:
डिजीटल एक्सरे, ल्याब तथा होल बडी चेक, फार्मेसी सेवा, इ.सी.जी. सेवा

रेसुङगा स्वास्थ्य क्लिनिक प्रा.लि
फोनबाट पनि नाम लेखाउने ब्यवस्था छ।
बुटवल-६ श्रवणपथ, भुड्कीचोक
फोन: ९८५७०७०८८९ / ९८५७०५९८३९



विजया फार्माको दैनिक विशेषज्ञ सेवाहरु

डा. लक्ष्मण दुबे
एम.बि.बि.एस., एम.डी., डी.एम.
MBBS, MD, DM (Cardiology) FESC, FACC
बरिष्ठ मुटु रोग विशेषज्ञ
एन.एम.सी. नं.: ७१५५

डा. कृष्ण कुमार अग्रवाल
M.B.B.S., M.D. (Int. Medicine)
DFID (Diabetes), D.M. (Nephrology)
बरिष्ठ मधुमेह तथा मृगौला रोग विशेषज्ञ
NMC No. 6090

डा. पवन घिताल
कन्सल्टेन्ट सर्जन/यूरोलोजिस्ट
MS, General Surgery
MCh Urology
मुत्र तथा प्रोस्टेट रोग विशेषज्ञ
एन.एम.सी. नं. ८६२५

डा. राजीव भण्डारी
M.B.B.S., M.S. (General Surgeon)
MCh (Neuro Surgeon)
न्यूरो सर्जन
NMC No. 9471

डा. संजिव रञ्जन
MBBS, MD (PSYCHIATRY)
ASSOCIATE PROFESSOR
UNIVERSAL COLLEGE OF MEDICAL SCIENCES
BHAIRAHAWA, NEPAL
वरिष्ठ नसा तथा मानसिक रोग विशेषज्ञ
N.M.C .No. 4108

डा. सदिक्षा चापागाई
MBBS (KU)
MD Obstetrics/Gynecology (NAMS)
महिला तथा प्रसुती रोग विशेषज्ञ
NMC No. 15156

यहाँ छाला, यौन तथा सौन्दर्य सम्बन्धी पनि उपचार हुन्छ। जस्तै: अनुहारको चायाँ, पोतो, डण्डीफोर, सेतो दाग, चिलाउने दाज, पुरानो घाउँ खटिरा, कपाल झर्ने जस्तो समस्याको उपचार गरिन्छ ।

Vijaya Pharma
विजया फार्मा
Vijaya Pharma
बुटवल-८, श्रवणपथ, रुपन्देही
फोन नं. ०७१-५४४३०१, मो. ९८४७०२४२२८

# सम्पादकीय

## हिंसा न्यूनीकरणमा प्रतिवद्धता

*महिलामाथि हुने अनेक प्रकारका दुर्व्यवहार रोकिएका छैनन् । सरकारले महिला हिंसा न्यूनिकरणका लागि कठोर सजायको व्यवस्था गर्दैछ । खासगरी तेजाब आक्रमण गर्नेलाई कडा कानुनी कारवाहीको प्रकृया अघि बढेको छ । सरकारले यो विषयमा जनताको साथ पाएको छ । निश्चितरुपमा तेजाब आक्रमण गर्ने अभियुक्तलाई कठोर सजाय हुनुपर्दछ भन्ने जनमत छ र यसमा सरकारले लिएको अग्रसरताको स्वागत भएको छ । जनसुकै कारणले भए पनि प्रायः यस्ता घटना महिलासँग सम्बन्धित हुने गर्दछन् । महिला भएकै कारणले सावजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिसाजन्य कार्य नै महिला हिंसा हो ।*

*संयुक्त राष्ट्रसङ्घीय साधारण सभाले २० डिसेम्बर १९९३ मा पारित गरेको महिलाविरुद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र अनुसार पनि महिलाविरुद्धको हिंसा भनेको सावजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो । महिला हिसाको अर्को रुप घरेलु हिंसा पनि हो । घरेलु हिंसा महिलाको जीवनमा आइपर्ने अर्को प्रकारको ताडना हो । घरेलु हिंसाबाट पीडित सदस्यले पनि शारीरिक, मानसिक, आर्थिक वा यौनजन्य पीडा सहनुपरेको देखिएको छ । यस्ता पीडाबाट आत्महत्या, पारिवारिक हत्यादेखि सुकुम्बासी जीवनसम्म जिउनुपर्ने परिणाम आउने गरेको छ आजको यथार्थ पनि हो । लोग्नेले स्वास्नीलाई गर्ने दुर्व्यवहार मात्र नभएर पुरुषलाई वा महिलाले महिलालाई वा महिलाले पुरुषलाई गर्ने दुर्व्यवहार पनि घरेलु हिसाका रुपमा लिइएको छ । विश्वका ८० भन्दा बढी देशमा घरेलु हिंसाविरुद्धका कानुन बनिसकेका छन् ।*

*अव संस्थागत रुपमा महिला हिंसा र घरेलु हिंसाका घटना न्यून गर्न र सदियादेखि महिलामा भएको परावलम्बी सोचमा परिवर्तन ल्याउन महिला शिक्षामा जोड दिने काम अघि सार्नु जरुरी भैसकेको छ । नेपाली महिलाले परम्परागत रुपमा भोग्दै आएका विभिन्न किसिमका हिंसाको अन्त्य गर्ने प्रयास स्वरुप नेपाल सरकारले अहिले कानुनी मात्र नभएर संस्थागत व्यवस्था पनि गर्दै आएको छ ।*

*पछिल्लो समय महिला हिंसा न्यूनिकरणका लागि धेरै प्रयास भएका छन । ती प्रयासको सराहना गर्नैपर्दछ । अहिले पनि दैनिकजसो हिंसाका घटना भएका छन र क्रमशः तिनको न्यूनीकरण गर्नु जरुरी छ । फेरिपनि सरकारले हिंसा न्यूनिकरणका लागि जुन प्रतिवद्धता जाहेर गरेको छ त्यसमा सवैको समर्थन छ ।*

# सत्क्रमण व्यवस्थापनको चुनौती



✍ खिमलाल देवकोटा

झन्डै दुई हजार वर्षपहिला रोमन सम्राट मार्कुस औरेलुसले मानिसका भनाइ र दृष्टिकोणहरूका बारेमा भनेका थिए- हरेक चीज हामी सुन्छौं, त्यो तथ्य हैन, विचार हो, हरेक चीज हामी जे देख्छौं त्यो दृष्टिकोण हो, सत्य होइन। आजपर्यन्त मानिस त्यही समस्याबाट ग्रसित छन्। हामी सत्य र तथ्य हैन, आग्रहपूर्ण दृष्टिकोण र विचारहरूमात्रै सुनिरहेका छौं, तब सत्य र तथ्य ओझेल परेको छ। यस्तो अवस्थाको सिर्जना हुँदा सिङ्गो समाज, राजनीतिक पार्टी र सरकार दिशाविहीन बन्न कसैले रोक्न सक्दैन। नेपाली समाज आज यही समस्याबाट आक्रान्त छ। यो पनि सत्य हो कि नेता र तिनले नेतृत्व गरेको आन्दोलन स्वतन्त्रताको मागविना सफल हुँदैनन्। त्यसैगरी दबाबविना कुनै सफल राजनीतिक सङ्क्रमणको व्यवस्थापन पनि सम्भव छैन। जसरी स्वतन्त्रताको माग आन्दोलनको अपरिहार्य तत्व हो, त्यसैगरी दबाब राजनीतिक सङ्क्रमण व्यवस्थापनको हतियार नै हो। विरोधीका विरुद्धको आन्दोलन र नेतृत्वप्रतिको दबाबविना राजनीतिक सङ्क्रमण पनि सम्भव छैन। अमेरिकी मानवशास्त्री मार्गरेट मिडका अनुसार विचारशील र प्रतिबद्ध नागरिकको प्रयत्नले चाहे त्यो सानै समूह किन नहोस्, परिवर्तन सम्भव छ भन्ने आजसम्मका घटनाक्रमहरूले पुष्टि गरिसकेका छन्। तसर्थ, विचार र विचारप्रतिको प्रतिबद्धता परिवर्तनको पूर्वसर्त हो। उनी थप्छन्- सामाजिक परिवर्तन र सङ्क्रमणको व्यवस्थापन मानिसको धैर्यतामा निर्भर छ। आज नेपाली समाज सङ्क्रमण व्यवस्थापनको प्रसव पीडा सामना गरिरहेको छ। महात्मा गान्धीले भनेका छन्- भविष्यको निर्धारण वर्तमानको कर्मले निर्धारण गर्छ। हो, असल भविष्यको कामना गर्दछौं भने वर्तमानमा असल कर्म गर्नुपर्छ। अत्यन्त पीडायुक्त रक्तपातपूर्ण, त्याग र बलिदानीको कीर्तिमानी कायम गरेर प्राप्त सङ्घीय गणतन्त्रलाई व्यवस्थापन गर्ने अभिभारा सङ्क्रमणको बुद्धिमत्तापूर्ण व्यवस्थापनबाट मात्रै सम्भव छ।

नेताहरूको सुझबुझपूर्ण नेतृत्व र स्वतन्त्रता प्राप्तिको आन्दोलनले बनेको सत्तासीन पार्टी आज व्यवस्थापनको चुनौती सामना गर्दै छ। पार्टी व्यवस्थापनको यो घडीमा स्वतन्त्रताको आन्दोलन गर्ने र सङ्घीय गणतन्त्रलाई सम्भव तुल्याउने नेतृत्वको मानमर्दनले हैन, उनीहरूको सम्मानले मात्रै सम्भव छ। नेतृत्वप्रतिको विश्वास र प्राधिकारले आन्दोलन सम्भव तुल्याएको हो भने पार्टीको व्यवस्थापनमा पनि नेतृत्वप्रतिको विश्वास र प्राधिकारको निरन्तरता पूर्वसर्त नै देखिन्छ। त्यसैले, निर्वाचन सम्पन्न भएपछि सत्तासीन नेपाल कम्युनिस्ट पार्टी एकीकृत भएको यत्तिका अवधिमा पनि पार्टी किन व्यवस्थित हुन सकेन भन्नेबारेमा आत्मसमीक्षा गर्ने बेला भएन ? नेतृत्वमा त्यत्रो युद्ध र शान्तिको नेतृत्व गर्ने आँट र क्षमता भए पनि यतिबेला पार्टी र सरकारको व्यवस्थापनमा किन त्यो क्षमता र आँट प्रकट भइरहेको छैन ? समीक्षा गर्ने कि ?

सङ्क्रमणमा जनताको धैर्य खाँचो पर्छ भन्ने शास्त्रहरूले बताएका छन्। जनताको धैर्यले मात्रै राजनीतिक सङ्क्रमण व्यवस्थापन सम्भव हुने विश्व इतिहासले देखाउँछन्। स्वाभाविक रूपमा जनतामा धैर्य गुम्दै छ। आन्दोलन भयो, सत्ता उल्टियो, हिजोका शासकहरूले बिदा लिए। दरबार खाली गरियो र हिजो राजा महाराजाहरू विराजमान भएको ठाउँमा आज जनताका छोराछोरी र हिजो आन्दोलनको नेतृत्व गर्ने नेताहरूले आसन जमाए।

फेरि पनि जनताका अपेक्षा पूरा गर्न केले रोक्यो ? भन्ने अत्यन्त स्वाभाविक प्रश्न जनताका छन्। तर, आन्दोलनमा जनविश्वास दिलाउन सक्ने क्षमता नेतृत्वले सङ्क्रमणको व्यवस्थापनमा किन दिलाउन सकिरहेको छैन। यस मामलामा नेतृत्व र जनताको धैर्यमा कहाँ कमी भयो समीक्षा गनुपर्छ। सङ्क्रमणकालीन पार्टी र सरकार झन् व्यवस्थित र चुस्त-दुरुस्त हुनुपर्ने थियो। पारदर्शिताले जनताको विश्वास र शक्ति पैदा गर्छ तर जनताले पार्टीको गठन, विघटन र मन्त्रिपरिषद्को गठन, पुनर्गठन र विघटनको कुनै भेउ पाउन सकेनन्। विनासही सूचना जनताले प्रतिरक्षा गर्ने कुरा भएन। जब जनताले प्रतिरक्षा गर्न नसक्ने अवस्थाको सिर्जना हुन्छ, सरकार, पार्टी वा नेतृत्व स्वतः कमजोर हुँदै जान्छ। कमजोर नेतृत्वले शक्ति आर्जन गर्न जनता र कार्यकर्ता छाडेर कतै परम्परागत शक्तिको सहारा लिन थालेको त होइन ? हिजोका आन्दोलनविरोधी प्रतिगामी तत्वहरू वा सेना, पुलिस र कर्मचारीतन्त्रको सहारामा राजनीतिक नेतृत्वले आफूलाई बलियो र सुरक्षित ठान्न थालेपछि सरकार र पार्टी कमजोरमात्रै हुँदैनन्, सङ्क्रमण व्यवस्थापन गर्ने जिम्मेवारी पनि प्राथमिकताको सूचीबाट हराउँदै जान्छ। यस्तो नहोओस्।

जुनसुकै विषयको व्यवस्थापनमा पनि सत्य र तथ्यले प्रश्रय पाउनुपर्छ। सत्य र तथ्यमा आधारित व्यवस्थापन, निष्कर्ष वा निर्णय सही हुन्छ। सत्य तथ्यभन्दा बाहिरको व्यवस्थापन निष्कर्ष र निर्णय गलत हुन्छ। गलत निर्णय टिक्दैन, त्यसको प्रतिरक्षा पनि गर्न सकिँदैन। झन् सङ्क्रमणको व्यवस्थापनमा त सत्य र तथ्य नै यसका प्राथमिक आधार हुन्। सत्य र तथ्यका आधारमा निष्कर्ष निकालिएको भन्नुमात्रै पर्याप्त हुँदैन, आमजनताले सो कुरा पत्यार गर्ने लायकको हुनु पनि पर्छ। जब सत्य र तथ्यबाहेक कसैको विचार वा दृष्टिकोण प्रेरित भनाइका आधारमा निर्णयहरू आउँछन्, त्यतिबेला सङ्क्रमणकालीन व्यवस्थापन गिजोलिन्छ। त्यसले गलत बाटो लिन्छ। गलत बाटोमा गएको सङ्क्रमणलाई सही बाटोमा ल्याउन सहज छैन। फेरि अर्को आन्दोलन गर्नुपर्ला तर त्यतिबेला ढिला भइसकेको हुन्छ। आन्दोलन गरेर प्राप्त उपलब्धि जोगाउन र सङ्क्रमणको व्यवस्थापन गर्न नसक्ने नेतृत्वको आह्वानमा जनता फेरि आन्दोलनमा आउलान् भनेर सोच्नु सर्वथा गलत हुन्छ। त्यसैले सङ्क्रमणकालीन व्यवस्थापन सफल ढङ्गले गर्नु आवश्यक छ। यसका लागि जनताको धैर्य, विश्वास र आस्थालाई निरन्तरता दिने, नेतृत्वलाई पुनः एकपटक प्राधिकार दिने र वर्तमानका असल कर्मले सही भविष्यको निर्माण हुँदै छ भन्ने भरपर्दो आधार तयार गर्ने काम पूर्वसर्त हुन।

राजतन्त्रको चकचकी भएका बखत गणतन्त्रको सपना देख्ने नेतृत्वप्रति नेताहरूको नाम उच्चारण गर्दा होस् वा नेताहरूलाई होच्याएर कसैले बोल्दामात्रै पनि किन नहोस्, तुरुन्तै ठाउँको ठाउँ प्रतिवाद गर्ने कार्यकर्ता आज नेतृत्वलाई नाङ्गै नचाउँदा पनि किन मौन छ ? यो गम्भीर चुनौतीको विषय हो। देश र जनताको सेवाबाहेक आफ्नो अर्को कुनै स्वार्थ नभएको बताइरहेका नेताहरूका बारेमा आज भ्रष्टाचारका आरोप र अकुत सम्पत्ति थोपरेका समाचारहरू बारम्बार पढ्नु परिरहेको छ, कार्यकर्ता मौन छन्। त्यसको प्रतिवाद गर्ने हिम्मत, आँट किन पलाएन ? जब कि हिजो मुक्ति वा मृत्युको कसम खाएका र आज पनि आदेश पाए धरहराबाट हामफाल्न तयार रहेको अभिव्यक्ति दिने कार्यकर्ताको कुनै कमी छैन। तर नेतृत्वको आस्था, विश्वास र समर्थनविरुद्धका लाञ्छनाप्रति त्यो पङ्क्ति प्रतिवाद गर्दैन। बरु मौनता साँध्दै छ। यस्तो किन भयो ? सङ्घीय गणतन्त्रलाई सम्भव तुल्याउने, समृद्धिको सपनामा पूरै देश र जनतालाई विश्वासमा लिन सक्ने, समृद्ध नेपाल सुखी नेपालीको नारा निर्धारण गर्न सक्ने, भर्खरै सामन्तवादबाट पुँजीवादमा तोताते गरेको नेपाली समाजलाई समाजवाद हुँदै साम्यवादमा लैजाने प्रतिबद्धता व्यक्त गरेको नेतृत्वप्रति आज जनता, कार्यकर्ता र शुभचिन्तक किन मौन या विभाजित छन् वा कान ढालेर बसेका छन् ? यसको जवाफ नेतृत्वले आफैँबाट खोज्नुपर्छ।

हिजो आफूलाई राजनीतिबाट अलग भन्ने तर सङ्घीय गणतन्त्रका लागि राजनीतिक दलहरूलाई आन्दोलनको एजेन्डा तय गर्न प्रोत्साहित गर्ने नागरिक समाज, राजनीतिक दलहरूले आँट नगर्दा पनि आन्दोलनको उद्घोष र त्यसको नेतृत्व गर्दै राजनीतिक दलहरूलाई सो आन्दोलन हस्तान्तरण गर्नेहरू आज तिनै नेतृत्वप्रति किन सहज छैनन् ? समस्या पैदा भएको नेतृत्वले बुझ्न जरुरी छ। सङ्क्रमणको व्यवस्थापन गर्ने काम जटिल र पीडादायक हुन्छ भन्ने कुरा तथ्यहरूले देखाइसके। सङ्क्रमण व्यवस्थापनमा जनताको धैर्यतापूर्ण समर्थनको खाँचो पर्छ भन्ने शास्त्रले भनेकै छन्, आफ्नै अनुभवले पुष्टि गरे। सङ्क्रमणमा व्यक्तिगत दृष्टिकोण र विचारबाट हैन, सत्य र तथ्यका आधारमा अघि बढ्न सक्नुपर्छ भन्ने पनि पटक-पटक प्रमाणित भइसकेको विषय हो। यिनै पूर्वसर्त मनन गर्नुपर्छ नेतृत्वले। पार्टी र सरकारको सफल व्यवस्थापनमा नेपाल कम्युनिस्ट पार्टी दत्तचित्त हुनुपर्छ। (गोरखापत्रबाट)

# कोरोनासँग खेलबाड नगरौं



✍ डा. प्रकाश बुढाथोकी

हिजोसम्म विश्व जगतलाई एक दिन पनि रोक्न सकिन्न होला जस्तो लागिरहेका बेला कोभिड- १९ का अगाडि विश्व समुदाय निरीह छ । सामाजिक, सांस्कृतिकलगायत सबै गतिविधिमा प्रतिबन्ध लाग्यो। हवाई तथा सडक यातायात रोकिए। सरकारका काम कोरोना नियन्त्रणमा सीमित रहे । न्याय, प्रशासन, संसद् अवरुद्ध भए। सानातिना र सामान्य बिरामी अस्पताल नआउन र फोनबाटै सल्लाह लिन भनियो। आस्थाका धरोहर मन्दिरका ढोका थुनिए, स्कुल-कलेज बन्द भए, व्यापार, व्यवसाय ठप्प भए। मृतकको सद्‌गद परम्परागतअनुसार हुन पाएका छैनन । भेन्टिलेटरमा गइसकेपछि फर्काउन गाह्रो हुने भएकाले सबैभन्दा धेरै चाहिने अक्सिजन हो । तनहुँ भिमाद- ६ का एकै परिवारका ३ को मृत्यु, ३ आईसीयूमा र ४ आईसोलेसनमा भन्दै एक राष्ट्रिय पत्रिकाले प्रमुख समाचार लेख्दै कोरोना केही होइन, रुघाखोकीजस्तै हो, बेसारपानी खाएर घर बसे हुन्छ, अस्पताल आउनपर्दैन भनेको सुन्दै, मान्दै र बस्दै गर्दा अन्तिममा अस्पताल जाँदा धन र ज्यान दुवै गयो भन्दै छन् । सरकारी तथा तथाकथित जनस्वास्थ्यविज्ञको गैरजिम्मेवारका कारण आफ्ना परिवार गुमाएकाहरू हजारौं घटना सञ्चारमाध्यममा आउन थालेका छन्। बाँकीका कुरा सुन्दा सामान्यजस्तै लागे पनि आफैंलाई पर्दा र आफ्ना गुमाउँदा कति भयानक र खतरनाक रहेछ भन्ने सम्बन्धितलाई नै अनुभूति हुन्छ। कोभिड- १९ का बिरामीलाई दिइने रेम्डेसिभिर औषधिको चरम अभाव भएपछि सरकारले आयात अनुमति दिएको छ । औषधि व्यवस्था विभागले यति, सिनर्जी र हटेरो तीनवटा फर्मलाई दुई हजारका दरले औषधि आयात तथा बिक्री गर्न अनुमति दिए पनि उनीहरूसँग रेम्डेसिभिर जगेडा वा स्टकमा छैन । पहिलोपटक ल्याएको नसकिँदै माग गर्दा नदिएपछि नयाँ ल्याउन कम्तीमा तीन साता लाग्ने उनीहरूको भनाइ छ तबसम्म बिरामी औषधि नपाई मृत्युवरण गर्नुपर्ने अवस्था छ। आयात गरेको ६ हजारबाहेक एनएचआरसीबाट सात हजार सय मि.ग्रा. भायल तोकिएका अस्पतालमार्फत वितरण तथ्यांकमा सात सयको मात्र आँकडा छ । औसतमा ६ देखि ८ हजारमा पाइरहेको औषधि एकजनालाई ६ देखि ११ भायल जरुरत पर्छ। यद्यपि ट्रायलकै रूपमा भए पनि प्रभावकारी देखिएको रेम्डेसिभिर निमोनिया हुँदासम्म काम गर्ने भएकाले निमोनिया हुनुअगावै प्रयोग भएमा बिरामीको अवस्था राम्रो बन्न सक्छ र मृत्युदरमा कमी ल्याउन सक्छ, जसको जिउँदो उदाहरण यही स्तम्भकार नै छ।

संक्रमितमध्ये लगभग पाँच प्रतिशतलाई जटिल संक्रमण हुन सक्ने भएकाले भेन्टिलेटर र आईसीयु चरणमा पुग्न नदिन अक्सिजन थेरापीले सहयोग गर्छ। इन्टरनेसनल जर्नल अफ इन्फेक्टियस डिजिजको सेप्टेम्बर अंकमा राति भाइरस बढी सशक्त हुने भएकाले अक्सिजन अभाव खट्किन नदिन फोक्सोका बिरामीले अक्सिजन थेरापी गर्नुपर्छ । शरीरमा भाइरस बढ्ने क्रम रोक्न तथा त्यसविरुद्धको प्रतिरक्षा प्रणाली सुधार गर्न बेलुका दिइने अक्सिजन थेरापीले कोभिड १९ रोगीलाई थप जटिल हुनबाट बचाउँछ । भेन्टिलेटरमा गइसकेपछि फर्काउन गाह्रो हुने भएकाले सबैभन्दा धेरै चाहिने अक्सिजन हो । ज्येष्ठ नागरिक, दीर्घरोगीमा मात्र नभई स्वस्थ र जवान संक्रमितलाई समेत अक्सिजन जरुरत परिरहेको छ । कोभिड- १९ मा मृत्युको प्रमुख कारक अक्सिजनको कमी हाइपोक्सिया छ। कोरोनाले जति फोक्सोमा संक्रमण गराउन थाल्छ, त्यति नै संक्रमितलाई बाहिरबाट वैकल्पिक अक्सिजन दिनुपर्छ । सुरुमा नेजल क्यानुलाबाट एकदेखि दुई लिटर प्रतिमिनेटका दरले भएन भने हाइफ्लो नेजल क्यानुलाबाट ४० देखि ६० लिटर प्रतिमिनेटका दरले र यदि भएन भने बाइप्याप मेसिनबाट अर्थात् ननइन्भेसिभ भेन्टिलेटर अक्सिजन सपोर्ट दिनुपर्छ। थप नभए भेन्टिलेटर सपोर्टमा राख्नुपर्छ । उचित समयमा अक्सिजन, रेम्डेसिभिर, प्लाज्मा दिन सकिए निको बन्ने हुन्छ । पछिल्लो एक खोजमा एकपटक संक्रमण भएर निको भएपछि शरीरमा अर्को चार महिनासम्म भाइरसले फेरि संक्रमण गर्न नसक्ने गरी आइजीजी एन्टिबडी विकास हुने देखिएको हार्बर्ड विश्वविद्यालयको अस्पतालमा भर्ना भएका गम्भीर ३४३ जनामा खोजमा छ । राष्ट्रपति ट्रम्पले पनि आफू निको भएपछि जीवनभरका लागि एन्टिबडी बनेको दाबी गरेका थिए, जुन गलत भनिदिएको छ तथापि अमेरिकाका नभाडामा २५ वर्षीय पुरुष एकजनालाई कोरोना भाइरसको संक्रमण एक महिनामै दोहोरिएको थियो। यसअघि हङकङ, इक्वेडर, बेल्जियम र नेदरल्यान्डमा संक्रमण दोहोरिए पनि यति डरलाग्दो थिएन।

कोभिडमुक्त भइसकेकोमा श्वासप्रश्वाससम्बन्धी समस्या, जोर्नीको दुखाइ, मांसपेसीको दुखाइ, रिंगटा लाग्ने, भ्रम, आँखाका दृष्टिमा परिवर्तन, तनाव र डिप्रेसनजस्ता समस्या देखिने गरेका छन् । लामो समयसम्म थकान महसुस, मांसपेसी र शरीर दुख्ने, ध्यानकेन्द्रित गर्न गाह्रोजस्ता लक्षण भने लामो समयसम्म रहेका छन् । संक्रमणमुक्त भए पनि संक्रमणको समयमा प्रतिरोधी क्षमता कमजोर हुने, शरीर सुन्निने, मस्तिष्क वा मेरुदण्डमा प्रत्यक्ष असर हुने भएको पछिसम्म प्रतिकूल असर थकान देखिन सक्छ। कति असर पारेको हो । त्यस अनुसार सिन्ड्रोम देखिन सक्छ। बेलायतको युनिभर्सिटी कलेज अफ लन्डनको अध्ययनमा कोभिड- १९ को संक्रमणले सुन्ने क्षमतालाई कम वा पूर्णरूपमा समाप्त पारिदिन सक्ने बताएको छ । अन्त्यमा घरआँगनमा दसैं, तिहार तथा छठले च्याइसक्दा पनि कसैमा उल्लास छैन, न त कुनै उमंग छ, अनौठो बेचैनी, रोग, भोक र भयग्रस्त भविष्य मनोविज्ञानमा छ सिंगो समाज । संक्रमितको संख्यामा नेपालले चीनलाई उछिनिरहेको छ । चीनमा ८५ हजार संक्रमित देखिए भने नेपालमा सवा लाख बढी । नौ महिनाअघि कोरोनाको छिटाले छोइसकेको हामीले किन क्षति न्यून गर्न सकेनौं समीक्षा कहिले गर्ने हो ? परीक्षणमा वृद्धि, राम्रो कन्ट्र्याक्ट ट्रेसिङ, गहिरो केस इन्भेस्टिगेसन, जनस्वास्थ्य मापदण्डको पालनालगायत प्रक्रिया दुई साता कडाइका साथ सबै क्षेत्रबाट पालना भए संक्रमण दरमा कमी आउन सक्छ। (नेपाल समाचारपत्र)

# अन्तर्राष्ट्रिय

## सङ्क्रमणमुक्त हुनेको सङ्ख्या भारतमा धेरै : मोदी

नयाँ दिल्ली, ४ कार्तिक। लचिलो लकडाउन भएर पनि सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या धेरै भएको मुलुकमा भारत अग्रस्थानमा रहेको भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बताउनु भएको छ।

उहाँले भारतमा औसतमा ८८ प्रतिशत सङ्क्रमितहरु सङ्क्रमणमुक्त भएको जानकारी दिनुभयो।

लकडाउन लचिलो भएर पनि सङ्क्रमणमुक्त हुनेहरुको यो सङ्ख्या विश्वमै एक मात्र र पहिलो देश भारत भएको उहाँको दावी छ । ग्रान्ड च्यालेन्ज एनुयल मिटिङलाई भिडियोमार्फत् सम्वोधन गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो, “भारतको आकार, विविधता र मात्रा देखेर विश्व सँधै लोभिएको छ ।” “हाम्रो जनसङ्ख्या अमेरिकाको भन्दा झण्डै झण्डै चार गुणा बढी छ, हाम्रा धेरै राज्यहरु युरोप र एसियाका देशभन्दा बढी प्रदुषित छन्, तर पनि हाम्रोमा कोरोनाकाकारणमृत्युभएकाहरुको सङ्ख्या अत्यन्त कम छ,” उहाँले थप्नुभयो । प्रधानमन्त्री मोदीले भारतमा सङ्क्रमितहरुको सङ्ख्या दिनप्रति दिन घट्दै गइरहेको र सङ्क्रमणमुक्त भएकाहरुका सङ्ख्या पनि उच्च रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “यति धेरै जनसङ्ख्या भएको मुलुकमा लकडाउन लचिलो बनाउँदा समेत सङ्क्रमित भएकाहरुको सङ्ख्या निकै कम रहेको छ। यस्तो अवस्था विश्वको सायद कुनै पनि देशमा छैन ।” मास्कको प्रयोगका लागि प्रेरित गर्ने मुलुकमा पनि भारत सवैभन्दा अगाडि रहेको प्रधानमन्त्री मोदीले दावी गर्नुभयो । “हामीले काम रोकेका छैनौ, खोपका लागि पनि प्रयास भइरहेको छ, अरु पनि धेरै उपायहरु हामीले अवलम्बन गरेका छौं,” उहाँले भन्नुभयो । (रासस/एएनआई)

# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची

## सिलवन्दी दरभाउपत्र आह्वान

*प्रथमपटक प्रकाशित मिति २०७७/०७/०५*

***भुमिकास्थान नगरपालिका, नगर कार्यपालिका, अर्घाखाँची अन्तर्गत तपसिलबमोजिमका सडक स्तरोन्नतीकार्यको सिलवन्दी बोलपत्र/दरभाउपत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्नशर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी बोलपत्र/दरभाउपत्र आह्वान गरिन्छ।***

१. सिलबन्दीबोलपत्र/दरभाउपत्र सम्बन्धी कागजात तालिकामा उल्लेखित मिति सम्म आ.व.२०७७/०७८ सम्ममान्य भएको फर्म, संस्थावा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमादर्ता भएको प्रमाणपत्र तथा आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाण पत्र वा आ.व. २०७६/०७७को लागि म्याद थपको पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्र/दरभाउपत्रदाताले लिखित निवेदन दिई तपसिलमा उल्लेखित रकम यस कार्यालयको नुवाकोट स्थित सेञ्चुरी वैक हि.नं.०९०००००१३ जि.ई खातामा नगद जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद सहित यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२.खरिद भएको बोलपत्र/दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति र समय सम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएकाबोलपत्र/दरभाउपत्रहरु उपस्थित बोलपत्र/दरभाउपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा निम्नानुसारको मिति र समयमा खोलिनेछ।

३.सिलबन्दी बोलपत्र/दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको नुवाकोट स्थित सेञ्चुरी वैक हि.नं.०९००००००४ जि.इ खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको विडवण्ड बोलपत्र/दरभाउपत्र निम्नानुसारको म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड) को सक्कलप्रति पेश गर्नुपर्नेछ।

४. सिलबन्दी बोलपत्र/दरभाउपत्रखरिद गर्ने/दर्ता गर्ने अन्तिमदिन सार्वजनिक विदा परेमा सो को भोलि पल्ट वा विदापछि कार्यालय खुलेको दिनहुनेछ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिमहुनेछ।

६.अन्यकुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६६६०६/९८५७०६९९९० मा सम्पर्क गर्न वा bhumikasthanmunicipality@gmail.com मा पठाउन सकिनेछ।

७ कामको विवरण बोलपत्र/दरभाउपत्र खरिद दस्तुर, लागत रकम, विडवण्ड रकम, मान्यअवधि, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्न अनुसार छ।

**तपसिल**

| ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र/दरभाउपत्र दस्तुर रु. | विडवण्ड रकम रु. | विडवण्ड मान्यअवधि | खरिद अन्तिमा मति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 24/BMA/G/MS/2077/078 | औषधितथा स्वास्थ्य सुरक्षा सामग्रीखरिद तथाआपूर्ति कार्य | १०००।०० | ३७५०० | ७५ दिन | २०७७/७/१९ कार्यालय समय भित्र | २०७७/७/२० १२:००बजे भित्र | २०७७/७/२० दिउँसो १:००बजे |
| 25/BMA/G/CS/2077/078 | कम्प्यूटर, प्रिन्टर, स्क्यानर तथाडंगोल खरिद तथाआपूर्ति कार्य | १०००।०० | १३००० | | | | |
| 26/BMA/G/WM/2077/078 | खानेपानीमिटर खरिद तथाआपूर्ति कार्य | १०००।०० | ५०००० | | | | |


# शिक्षामा नौ करोड बजेट

रोल्पा, ४ कार्तिक । यहाँका स्थानीय तहहरूले चालू आर्थिक वर्षका लागि शिक्षा क्षेत्रमा रु आठ करोड ७६ लाख १३ हजार ५०० विनियोजन गरेका छन्। जिल्लाको शैक्षिक विकासका लागि भन्दै उनीहरूले पछिल्ला केही वर्षयता शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेका हुन्। जिल्लामा एक नगरपालिकासहित १० स्थानीय तह छन्। पालिकामध्ये सबैभन्दा बढी शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्ने गङ्गादेव गाउँपालिका रहेको छ भने सुनछहरी गाउँपालिकाले सबभन्दा कम बजेट विनियोजन गरेको छ। गङ्गादेव गाउँपालिकाले चालू आवका लागि करार शिक्षक पारिश्रमिक खर्च रु दुई करोड ४५ लाख, विद्यालय व्यवस्थापन खर्च रु दुई लाख २५ हजार, शिक्षक तालीम रु आठ लाख र बालविकास तालीम रु पाँच लाख बजेट विनियोजन गरेको छ। जिल्लामै सबभन्दा कम बजेट विनियोजन गर्ने सुनछहरी गाउँपालिकाले रु १० लाख विनियोजन गरेको छ। यसैगरी माडी गाउँपालिकाले शैक्षिक अनुदान शीर्षकमा रु एक करोड ४० लाख प्रस्ताव गरेको छ। जिल्लाको एकमात्र नगरपालिका रोल्पा नगरपालिकाले रु एक करोड ३० लाख विनियोजन गरेको छ। नगरपालिकाले शिक्षा विकासका लागि रु एक करोड र प्राविधिक छात्रवृत्तिका लागि रु ३० लाख विनियोजित गरेको छ। लुङ्ग्री गाउँपालिकाले शिक्षक अनुदान शीर्षकमा एकमुष्ट रु ४४ लाख २० हजार विनियोजन गरेको छ। परिवर्तन गाउँपालिकाले शिक्षक अनुदानतर्फ रु ६७ लाख १८ हजार ५०० विनियोजन गरेको छ।

सुनिलस्मृति गाउँपालिका अध्यक्ष कार्यक्रमअन्तर्गत रु पाँच लाख, उपाध्यक्ष छात्रवृत्तिअन्तर्गत रु चार लाख र शैक्षिक सुधार शीर्षकमा रु ८६ लाख ५० हजार गरी कूल रु ९५ लाख ५० हजार विनियोजन गरेको छ। थवाङ गाउँपालिकाले शैक्षिक विकास शीर्षकमा रु २० लाख विनियोजन गरेको छ। त्रिवेणी गाउँपालिकाले शिक्षा विकास शीर्षक दिएर रु ६९ लाख बजेट विनियोजन गरेको छ। यसैगरी रुन्टीगढी गाउँपालिकाले शिक्षा क्षेत्रको विकासका लागि एकमुष्ट रु ४० लाख विनियोजन गरेको छ। रोल्पाका ४०७ सामुदायिक विद्यालयमा ६७ हजार ९८८ विद्यार्थी अध्ययन गर्दछन्। जिल्लाका २०० बढी विद्यालयमा एउटा पनि शिक्षक दरबन्दी छैन। ती स्कूलको खर्च अभिभावकले धान्नु परेको बालकल्याण नमूना मावि लिवाङ शिक्षक अभिभावक सङ्घका अध्यक्ष ऋषिराम रोकाले बताउनुभयो। प्राविमा २५२, निमावि ४३१ र माविमा २९८ दरबन्दी अपुग रहेको शिक्षा विकास तथा समन्वय एकाइ रोल्पाको तथ्याङ्कले देखाएको छ। पाँच हजारभन्दा बढी विद्यार्थी रहेको रोल्पाको सुनछहरी गाउँपालिकामा एउटा पनि मावि दरबन्दी छैन। जिल्लाको एकमात्र नगरपालिकाभित्र चार वटा मावि, ११ वटा निमावि, १४ वटा प्रावि तहमा सरकारी दरबन्दी छैन। ती विद्यालय र सात वटा बालविकाससमेत गरी ३६ वटा विद्यालयलाई स्वयंसेवक शिक्षक उपलब्ध गराएको नगर शिक्षा अधिकारी महेन्द्र पराजुलीले बताउनुभयो। उहाँका अनुसार, प्रतिमहिना रु २० हजार मावि, रु १५ हजार निमावि र रु १० हजार प्रावि तहका शिक्षकलाई पारिश्रमिक दिने गरी ती विद्यालयमा पठाइएको छ। नगरपालिकाभित्रका सामुदायिक विद्यालयका अभिभावकले निजी स्रोतका १७० शिक्षकको तलब भत्ताका लागि वार्षिक रु दुई करोड ७६ लाख ब्योहोर्दै आएका थिए। परिवर्तन गाउँपालिकाले ६८ शिक्षक दरबन्दी सिर्जना गरी त्यसको खर्च ब्योहोरेको छ। यसअघि त्यहाँका अभिभावकले निजी शिक्षकको तलबबापत हरेक वर्ष रु एक करोड ४३ लाख चार हजार खर्च ब्योहोर्दै आएका थिए। रोल्पाका गङ्गादेव, माडी, लुङ्ग्री र त्रिवेणी गाउँपालिकाले पनि निजी शिक्षक अनुदान शीर्षकमा बजेट विनियोजन गरी शिक्षामा अभिभावकको भार कम गरेका छन्। रासस


## घर जग्गा खरिद विक्री केन्द्र

बुटवल उपमहानगरपालिका वडा नं.-११ देविनगर स्थित रंगशाला मार्गमा अवस्थित जे.बि.बि. रियल स्टेट एण्ड निर्माण सेवा प्रा.लि.ले घर जग्गा खरिद विक्री सट्टापट्टा सुपथ मुल्यमा गरिने भएकोले इच्छुक व्यक्तिले आवश्यक परेमा सिधा सम्पर्क गर्नुहोला।





**जे.बि.बि. रियल स्टेट एण्ड निर्माण सेवा प्रा.लि.**

बुटवल उ.म.न.पा.-११, देविनगर (रङ्गशाला मार्ग)

मो. ९८५७०७५५५२, ९८६७७५३००८, ०७१-४१०१८५


## तिलोत्तमा........

अधिकृत माधव प्रसाद शर्माले कोरोना महामारी सुरु भएपछि संघीय सरकारबाट संक्रमण रोकथाम, उपचार तथा राहतको लागि २ लाख र प्रदेश सरकारबाट १५ लाख रुपैयाँ नगरपालिकाको खातामा आएको जानकारी दिनुभयो। बैठकले दसैं-तिहार पर्वमा बाहिरी जिल्ला तथा भारत एवं तेस्रो मुलुकबाट नगरपालिकामा आउने नगरबासीलाई स्वास्थ्य प्रोटोकललाई ख्याल राख्दै सिधैं समाजमा घुलमिल नहुन आग्रह गरेको छ। साथैं बैठकले कोरोना संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना सहित मृत्यु भएकाको चीर शान्ति एवं शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको गरेको छ। रासस

## स्वास्थ्य........

नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हकको सुनिश्चितता गरेको छ। जनस्वास्थ सेवा ऐन, २०७५ कोदफा २ (ख) मा सरुवा रोगको उपचारसम्बन्धी आधारभूत सेवा निःशुल्करुपमा प्राप्त हुने व्यवस्था गरिएको छ। संविधान तथा ऐनका यी व्यवस्थाविपरीत कोभिड-१९ जस्तो विश्वव्यापी महामारीबाट आक्रान्त नागरिकको उपचारबाट पञ्छिएर राज्य नागरिकको स्वास्थ्यसम्बन्धी हकको सुनिश्चितता गर्ने दायित्वबाट विमुख हुन मिल्दैन। रासस


## के तपाईलाई आँखाको समस्या छ ?

हो हामीकहाँ आँसु बग्ने नली बन्द भएको अप्रेसन,आँखामा मासु पलाएको अप्रेसन,मोति बिन्दुको अप्रेसन,फेको मेसिनद्वारा मोति बिन्दुको अप्रेसन गरिनुका साथै हाई क्वालिटीको फोल्डेबल लेन्स प्रत्यारोपण र भिजन थेरापी पनि गरिन्छ।



Contact Lens Clinic

कम्प्युटर मेसिनद्वारा चस्माको जाँच तथा चस्माको फिटिङ्ग।

Family Eye Care

**तिलोत्तमा आई केयर**

अस्पताल लाईन,बुटवल-६ फोन ०७१-५४८४४०

*७ दिन पछि पुन जाँच शुल्क लाग्ने छ।*

## ट्वाईलेट सफा गराउनु परेमा

स्याफ्टी ट्याँकी रिङ्ग भरिएर शिटनाली जाम भएर समस्या परेको छ ?

प्रो. धर्मेन्द्र राना

९८१५४४७६४८/९८०४४१३२८७

९८६७०२१६१४

**गगन सेनेटरी**

बुटवल-१०, सुखखानगर

## ट्वाईलेट सफा गराउनुहोस्

के तपाईको घरको सिट,नाली जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता अत्याधुनिक प्रविधी, पावरफुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एकमात्र सेनेटरीलाई सम्पर्क गर्नु होस।

ट्याक्सी रिजर्भकोलागि पनि सम्पर्क गर्नुहोला

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर

मोवाईल नं:- ९८५७०५८८१३, ९८०७१८०८१३

*हामी तपाईको समस्या तुरुन्तै पाँच मिनेटमा हल गरिदिने छौं।*


## प्रहरी

| | |
|---|---|
| ट्राफिक प्रहरी भैरहवा | ०७१-५२२८७५ |
| बुटवल | ०७१-५४०२२२ |
| भैरहवा | ०७१-५२०१९९ |
| अर्घाखाँची | ०७७-४२०१९९ |
| गुल्मी | ०७९-५२०१९९ |
| परासी | ०७८-५२०१९९ |
| तौलिहवा | ०७६-५६००९९ |
| पाल्पा | ०७५-५२०२५५ |
| दाङ, घोराही | ०८२-५६०१९९ |
| तुल्सीपुर | ०८२-५२०१९९ |
| प्रहरी चौकी गल्याङ | ०६३-४६०१९९ |
| ई.प्र.का.लुम्बिनी | ५८०१७१ |
| वडा प्रहरी कार्यालय वालिङ | ०६३-४४०१९९ |
| जिल्ला प्रहरी कार्यालय चितवन | ०५६-५२०१५५ |
| इलाका प्रहरी कार्यालय गैंडाकोट | ०५६-५०११९९ |
| इलाका प्रहरी कार्यालय कावासोती | ०७८-५४०१७९ |
| इलाका प्रहरी कार्यालय, रजहर | ०७८-५४५००५ |

## एयरलाइन्स

| | |
|---|---|
| बुद्ध एयर | ०७१-५२३८९३, ०७१-५२२८९३ |
| यती एयर | ०७१-५२७५२७ |
| अग्नि एयर | ०७१-५२६७७३ |

## अस्पताल

| | |
|---|---|
| मर्सिसिटी हस्पिटल बुटवल | ०७१-५५०८०५, ५५०७०५ |
| भीम, भैरहवा | ५२०१९२ |
| मिशन, पाल्पा | ०७५-५२०१११ |
| पी.चन्द्र परासी | ०७८-५२०१८८ |
| भैरहवा आँखा अस्पताल | ०७१-५२०२६५ |
| अर्घाखाँची | ०७७-४२०१८८ |
| तम्घास | ०७९-५२०१८८ |
| तौलिहवा | ०७६-५६०२०० |
| सिद्धार्थ बा.तथा म.अस्पताल | ०७१-५४४४५० |
| ब्लड बैंक(रेडक्रस रक्तसंचार केन्द्र बुटवल) | ०७१-५४१००४ |
| शिक्षण अस्पताल भैरहवा | ०७१-५२१७५२ |
| खत्री हेल्थ केयर नर्सिङ्ग होम | ९८४७३००६६ |
| क्रिमसन अस्पताल मणिग्राम | ०७१-५६२७४४ |
| क्यान्सर अस्पताल भरतपुर | ०५६-५२४५०१ |
| मेडिकल कलेज, भरतपुर | ०५६-५२४२०३ |
| भरतपुर अस्पताल | ०५६-५२०१११ |
| लुम्बिनी मेडिकल कलेज, पाल्पा | ०७५-५२०८४० |
| एडमण्ड सी.टी.अस्पताल, बुटवल | ०७१-५५१५५८,५५१५५७ |
| देवदह मेडिकल कलेज | ०७१-६२२५७८ |
| लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज | ०७१-५४१६४१ |

## दमकल

| | |
|---|---|
| बुटवल | ०७१- ५४०१११ |
| भैरहवा | ०७१-५२०२१५ |
| दाङ | ०८२-५६०४९९ |
| नेपालगंज | ०८१-५२०१११ |
| तौलिहवा | ०७६-५६००१९ |

## एम्बुलेन्स

| | |
|---|---|
| रेडक्रस भैरहवा | ०७१-५२०२६३ |
| रेडक्रस परासी | ०७८-५२०१२५ |
| रेडक्रस पाल्पा | ०७५-५२०६०० |
| सिद्धार्थ कल्याण सेवा९८४७०२५६९७ | |
| उ.वा.संघ दाङ | ०८२-५६००६३ |
| रेडक्रस, तुल्सीपुर | ०८२-५२००२२ |
| रेडक्रस गुल्मी | ०७९-५२०१६३ |
| लुम्बिनी विकास कोष | ०७१-५८०२०० |
| रेडक्रस चितवन | ०५६-५२०१३३ |
| तौलिहवा रेडक्रस | ०७६-५६००१५ |
| वालिङ्ग नगरपालिका | ०६३-४४०१८८, ४४०१४९ |
| रेडक्रस (वालिङ्ग) | ०६३-४४०४०१ |
| नेपाल औषधी व्यवसायी संघ | ९८५७०२५६७१ |
| लुम्बिनी निर्माण व्यवसायी संघ,भैरहवा | ०७१-५२१०५८ |
| जयसवाल सेवा समिति,भैरहवा | ०७१-५२७२११ |
| गोपाल रामप्यारी मेमोरियल ट्रष्ट | ९८४७०२१५९७ |
| देवदह अध्यात्मिक प्रतिष्ठान | ०७१-५७७३८७ |
| वनगाईं क्लब, कपिलवस्तु: | ९७४७०१७१३३ |
| लुम्बिनी धर्मोदय सेवा,लुम्बिनी | ०७१-५८००४३ |
| देवदह मेडिकल कलेज (एम्बुलेन्स) | ०७१-६२१८०० |
| क्रिमसन अस्पताल, मणिग्राम | ०७१-५६२७४५ |
| खत्री हेल्थ केयर नर्सिङ्ग होम | ९८४७३०००६६ |
| लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज | ०७१-५४५६४१ |


## आहाना स्वास्थ्य क्लिनिक
### (साविक पवन फार्मा)

(पेटरोग क्लिनीक) बुटवल-६ अस्पताललाईन

फोन ०७१-५४०९२०/ ९८५७०३१५३२/९८४७०९८६३२

- फार्मेसी सेवा
- इन्सुलिन पेन
- ECG सेवा
- प्याथालोजी सर्भिस
- डिजीटल एक्स-रे
- अल्ट्रासाउण्ड
- भिडियो इन्डोस्कपी
- भ्याम्सीन इम्युनोग्लोबुलिन

डा.सुदर्शनलाल प्रधान
एम.बि.बि.एस.,एम.डी (कन्सलट्यान्ट)
वरिष्ठ फिजिसियन पेटरोग
विषेशज्ञ तथा ईन्डोस्कोपिष्ट
एन.एम.सी.एन. १८२८

**बिरामी जाँच्ने समय:**
प्रत्येक दिन बिहान ८:०० बजेदेखी १२:००, दिउसो ३:३० बजे देखी ७:०० बजेसम्म मात्र

**प्रत्येक दिन शनिवार बन्द रहनेछ**


**मेष** चु चे चो ला ली लु ले लो आ
मुहारमा कान्ति छाउनेछ। स्वास्थ्यमा सुधार आउनेछ। साथीभाइको सहयोग मिल्नेछ। कष्टकर यात्रा हुनेछ। आर्थिक समस्या हुनेछ।

**वृष** इ उ ए ओ बा बी बु बे बो
अध्ययन/अध्यापनमा अवरोध आउनेछ। पारिवारिक झमेला बढ्नेछ। वैदेशिक यात्रा हुनेछ। राजनीतिक विवाद बढ्नेछ। शत्रुमाथि विजय प्राप्त हुनेछ।

**मिथुन** का की कु घ ङ छ के को हा
प्राविधिक कार्यमा सुधार आउनेछ। राजनीतिक व्यस्तता बढ्नेछ। पारिवारिक सद्भाव बढ्नेछ। कार्यव्यस्तता बढ्नेछ। लक्ष्मी प्राप्ति हुनेछ।

**कर्कट** ही हु हे हो डा डी डु डे डो
अध्यापन अवरुद्ध हुनेछ। धार्मिक कार्यमा मन जानेछ। जागिरमा पदोन्नति हुनेछ। कृषि कार्यबाट लाभ मिल्नेछ। मातृसुख प्राप्त हुनेछ।

**सिंह** मा मि मु मे मो टा टी टु टे
शरीरमा स्फूर्ति बढ्नेछ। आध्यात्मिक कार्यमा मन जानेछ। गरेका कार्यबाट सन्तुष्टि मिल्नेछ। रोकिएका काम सुचारु हुनेछन्।

**कन्या** टो पा पु पी ष ण ठ पे पो
शरीरमा आलस्यता बढ्नेछ। बिछोडिएका मित्रसँग भेट हुनेछ। मनमा हर्ष बढ्नेछ। दाजुभाइबीच मनमुटाव बढ्नेछ।

**तुला** रा री रु रे रो ता ती तु ते
अनावश्यक खर्चमा वृद्धि हुनेछ। पारिवारिक मेलमिलाप बढ्नेछ। प्रेममा सफलता प्राप्त हुनेछ। व्यवसायमा प्रगति हुनेछ।

**वृश्चिक** तो ना नी नु ने नो या यी यु
धन आर्जनमा सुधार आउनेछ। मुहारमा मलिनता छाउनेछ। अनावश्यक खर्च नियन्त्रण हुनेछ। रमाइलो यात्रा हुनेछ। विद्या प्राप्ति हुनेछ।

**धनु** ये यो भा भी भु धा फा ढा भे
दैनिक कार्यमा मन जानेछ। अनावश्यक खर्च बढ्नेछ। कला साहित्य तथा संगीतमा रुचि बढ्नेछ। रचनात्मक कार्यले मनोबल बढ्नेछ।

**मकर** भो जा जी जु जे जो ख खु खी खे खो गा गी
न्यायिक कार्यमा बाधा उत्पन्न होला। मन अशान्त रहनेछ। अध्ययन /अध्यापनमा सुधार आउनेछ। व्यवसायमा लगानी बढ्नेछ। मान बढ्नेछ।

**कुम्भ** गु गे गो सा सी सु से सो दा
व्यापारमा हानि हुनेछ। पारिवारिक सद्भाव बढ्नेछ। अचल सम्पत्तिको व्यापारमा लाभ मिल्नेछ। मनोरञ्जनात्मक गतिविधि बढ्नेछ।

**मिन** दी दु थ झ त्र दे दो चा ची
यात्रामा लाभ मिल्नेछ। सामाजिक कार्यमा तत्परता रहनेछ। व्यापारबाट धनलाभ हुनेछ। स्वास्थ्यमा सुधार आउनेछ। स्फूर्ति बढ्नेछ।

# ‘स्वास्थ्य मापदण्ड पालना गरेर पर्व मनाउ’

तिलोत्तमा/बुटवल, ४ कार्तिक । स्वास्थ्य मापदण्ड पालना गरी सुरक्षित रुपमा दशैं लगायतका पर्वहरु मनाउन राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका अध्यक्ष तथा पदाधिकारीहरुले आग्रह गरेका छन् । प्रतिष्ठानमा आवद्ध सदस्य र आम नेपालीलाई कोभिड १९ को महामारीबाट सचेत भएर मात्र मेलापर्वहरु मनाउन सुझाव दिए । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नोपल, रुपन्देहीले दशैंको अवसरमा मंगलबार आयोजना गरेको शुभकामना तथा भर्चुवल बैठकमा बोल्ने प्रतिष्ठानका अध्यक्ष तथा पदाधिकारीहरुले कोरानाबाट जोगिएर मात्र अन्य गतिविधि गर्नुपर्ने बताए । कोराना महामारीका कारण सबै क्षेत्र प्रभावित भएको र बढी प्रभावित लोक दोहोरी क्षेत्रका कलाकारहरु ठूलो समस्या परेकाले कलाकारमा समस्याप्रति गम्भीर बन्न सरकारसंग माग गरे । सोही कार्यक्रममा बोल्दै राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका केन्द्रिय अध्यक्ष रमेश विजीले आफु सुरक्षित भए मात्र असत्यका बिरुद्ध लडर सत्यको जीत हुनसक्ने बताउनुभयो । उहाँले नेपालको मौलिक संस्कृति, संस्कार बचाउनु सबै नेपालीको कर्तव्य रहेको बताउंदै पहिला कोराना भाइरससंग सुरक्षित हुन आवश्यक रहेको बताउनुभयो । देशको लोक संस्कृति संरक्षणका लागि कलाकारहरुका समस्यालाई राज्यले सम्बोधन गर्नुपर्ने अध्यक्ष विजीको भनाई छ। प्रतिष्ठानका केन्द्रिय अध्यक्ष दुर्गा रायमाझीले कोरानासंग डराउनु भन्दा सुरक्षित हुनु नै बुद्धिमानी भएकाले कोरोनालाई परास्त गर्न स्वास्थ्य मापदण्ड पालना गर्नु हरेक नेपालीको कर्तव्य भएको बताउनुभयो । प्रतिष्ठानका पूर्व अध्यक्ष पुरुषोत्तम न्यौपाने, चन्द्र शर्मा, प्रतिष्ठानका महासचिव सुवास केसी, केन्द्रिय सचिव प्रचण्ड जीसी, केन्द्रिय सदस्य दीपक गरौजा, सल्लाहाकार खेम हमाल, लुम्बिनी प्रदेशका अध्यक्ष डिल्लीरानाण पाण्डे, बाबुराम बोहोरा, दिनेशराज रेग्मी, लेखबहादुर कार्की लगायतले दशैं, तिहार र छट पर्वको शुभकामना दिंदै नेपाली मौलिक संस्कृतिको संरक्षणमा पनि आआफ्नो ठाउंबाट लाग्नु पर्नेमा जोड दिए । प्रतिष्ठानका रुपन्देही अध्यक्ष दिपक कार्कीको अध्यक्षता, सचिव उज्वल गिरीको सञ्चालनमा भएको कार्यक्रममा प्रथम उपाध्यक्ष विजय सापकोटाले धन्यबाद ज्ञापन गर्नुभएको थियो । कानेरानाका कारण केही दिन अघि ज्यान गुमाउनु भएको प्रतिष्ठान रुपन्देहीका पूर्व सल्लाहाकार बद्रीप्रसाद श्रेष्ठको मृत्युप्रति प्रतिष्ठान केन्द्र, लुम्बिनी प्रदेश र प्रतिष्ठान रुपन्देहीले श्रदाञ्जली दिएको छ ।

# गुल्मीका पहिरो पीडितलाई खाद्यान्न सहयोग




तिलोत्तमा/बुटवल, लायन्स क्लव अफ बुटवल मणि उजेशले गुल्मीका पहिरो पीडितलाई खाद्यान्न सहयोग गरेको छ। मणि उजेशले गुल्मी भार्से सत्यवती गाउँपालिका-८ का पहिरो पीडित मनबहादुर मगरलाई ४० हजार बढीको खाद्यान्न सहयोग गरेको हो । पहिरोबाट पीडित भएका परिवारलाई सानो भएपनि सहयोग पुगोस भनेर गुल्मी भार्सेका मनबहादुरलाई उक्त खाद्यान्न वितरण गरिएको क्लवका अध्यक्ष सोनाली गुरुङ्गले जानकारी दिनुभयो । पहिरो पीडित मनबहादुरलाई क्लवसँगै युकेमा रहनु भएकी अन्जु साही गुरुङ्गले १० हजार र बुटवलका राजु क्षेत्रीले दुई हजार सहयोग गर्नु भएको क्लवका कम्युनिकेशन अफिसर रितु गुरुङ्गले जानकारी दिनुभयो । शारिरीक रुपमा अपाङ्ग रहनु भएका मनबहादुरका घरमा ७ जना सदस्य रहेका छन् । यसअघी पनि सामाजिक उत्तरदायित्व अन्तरगत क्लवले गुल्मीकै पहिरो पीडित र रक्त क्यान्सर पीडितलाई आर्थिक सहयोग गरेको थियो ।

## दशैंमा बैंक नखुल्ने

काठमाडौं, ४ कार्तिक । कोरोना भाइरस सङ्क्रमणलाई ध्यानमा राख्दै बैंकहरूले दशैंबिदामा आफ्ना शाखाहरू नखोल्ने भएका छन् ।

गत वर्ष बडादशैंका बिदामा समेत सीमित बैंकका काउन्टर खोलेर सेवा प्रवाह गरेका बैंकले यस वर्ष कुनै पनि बैंक नखोल्ने निर्णय गरेका हुन् । बैंकहरूको छाता सङ्गठन नेपाल बैंकर्स सङ्घले सीमित शाखा खोलेर बैकिङ सेवा दिँदा कोरोना सर्ने जोखिम बढ्ने सम्भावना भएकाले नखोल्ने निर्णय गरिएको जनाएको छ । सङ्घका प्रमुख कार्यकारी अधिकृत अनिल शर्मा सरकारले तोकिएअनुसार यही कात्तिक ७ देखि ११ गतेसम्म पाँच दिन सबै वाणिज्य बैंकका शाखा बन्द भएको निर्णय सुनाउनुहुन्छ । ‘दशैंमा कम आवतजावत हुन्छ, सीमित बैंक मात्र खुला गर्दा बढी भिीभाड हुन सक्छ’, उहाँले भन्नुभयो, ‘अधिकांश बैंकका कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । सङ्क्रमणको जोखिम लिनुभन्दा पाँच दिन बन्द गर्दा उपयुक्त हुने निष्कर्षसहित बन्द गरिएको हो ।’ रासस

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

फोहोर ब्यवस्थापन हाम्रो भुमिका

नगरबासीको भुमिका:–
- बजार जाँदा कपडाको झोला लिएर जाऔं, पलाष्टिक झोला प्रयोग न गरौं ।
- सकेसम्म कम प्याकेजिङ्ग भएका वस्तुहरुको प्रयोग गरौं ।
- कुहिने र नकुहिने फोहोरलाइ छुट्टाछुट्टै भाडामा जम्मा गरौं ।
- घरमा जम्मा भएको कुहिने फोहोरलाई घरमै कम्पोष्ट बनाऔं ।
- पलाष्टिक, कागज, धातु, सिसा जस्ता नकुहिने फोहोरलाई बेचेर आम्दानी बढाऔं ।
- फोहोरलाइ जथाभाबी नफालौं, जम्मा गरेर राखेको फोहोर संकलन गर्ने संस्थालाइ दिउँ ।

संस्थागत भुमिका :–
- आफ्नो कार्यालय, पसल, विद्यालय, वा संस्थामा प्रयोग नहुने कागज तथा पलाष्टिकलाई संकलन गरी कवाडीलाइ बेच्ने बानी बसालौं र कुहिने फोहोरलाई कम्पोष्ट बनाऔं ।
- सामानलाई पुनः प्रयोग गर्ने बानी बसालौ, यसले फोहोर घटाउन मद्दत गर्दछ ।

समुदायको भुमिका :–
- आफ्नो समुदायमा पुनः प्रयोग योग्य वस्तु छुट्टै संकलन गर्ने प्रणाली शुरु गरौं ।
- जथाभावी फोहोर नफाली घरघरमै फोहोरलाई ब्यवस्थापन गर्न समुदायलाई प्रोत्साहन गरौं ।
- आफ्नो समुदाय वा छिमेकका विद्यालयहरुलाई वातावरण क्लव गठन गरी फोहोर ब्यवस्थापन सम्बन्धी कार्यक्रमहरु गर्न प्रोत्साहन गरौं ।
- नगरपालिकाद्वारा पाक्षिक रुपमा आयोजना गरिने नगर सरसफाइ र हरियाली प्रवर्धन कार्यक्रममा सहभागी बनौं ।
- प्रत्येक टोल विकास संस्थाले साप्ताहिक रुपमा सरसफाई कार्यक्रम आयोजना गरी सबैलाई सहभागी बनाऔं ।

**‘विजया दशमी शुभ–दिपावली तथा छठ पर्व –२०७७’** को उपलक्ष्यमा
नगरबासी, शुभचिन्तक, सम्पुर्ण देशबासीहरु तथा हाम्रा कर्मचारी मित्रहरुमा सुख शान्ति, समृद्धि र दिर्घायुकोलागी मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

नगर प्रमुख, तिलोत्तमा नगरपालिका

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महानचाड
**‘विजया दशमी शुभ–दिपावली तथा छठ पर्व –२०७७’** को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, कर्मचारी, शुभचिन्तक तथा सम्पुर्ण देशबासीहरुमा सुख शान्ति, समृद्धि र दिर्घायुकोलागी **मंगलमय शुभकामना** ब्यक्त गर्दछौं ।
भैरव ग्रुप BHAIRAV GROUP
BAJAJ MOTORCYCLES
भैरव अटो मोवाईल्स प्रा.लि.परिवार
बुटवल–११, कालिकानगर, रुपन्देही

हार्दिक समवेदना
जन्म : १९९०/०१/०४
निधन : २०७७/०६/२४

स्व. फानेश्वर अर्याल
यस सहकारीका लेखा सुपरिवेक्षण समितिका संयोजक **श्री गंगाराम अर्याल** संचालक समितिका सदस्य **श्री प्रेम कुमारी अर्याल न्यौपाने** , सदस्य **श्री डोलराज अर्याल**का पिता सदस्य **श्री तुल्सा अर्याल**का ससुरा , सदस्य **श्री सिता अर्याल**का हजुर बुवा **फानेश्वर अर्याल**को असामयिक निधनले हामी सहकारी परिवार स्तब्ध भएका छौं । शोकको आज १३ **औ** दिनको पुण्य तिथीमा दिवंगत आत्मको चिरशान्तीको कामना गर्दै शोकसन्तप्त परिवार जनप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं ।
**महेश कुमार कोईराला**
अध्यक्ष
एवं
**संरक्षण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
बुटवल–६ रुपन्देही

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड
**‘विजया दशमी शुभ–दिपावली तथा छठ पर्व –२०७७’** को उपलक्ष्यमा यस संस्थाका शेयरसदस्य, सेवाग्राही कर्मचारी, शुभचिन्तक तथा सम्पुर्ण देशबासीहरुमा सुख शान्ति, समृद्धि र दिर्घायुकोलागी मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।
**तपोभूमि बचत तथा ऋण सहकारी संस्था लि. परिवार बुटवल –१०**

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड
**‘विजया दशमी शुभ–दिपावली तथा छठ पर्व –२०७७’** को उपलक्ष्यमा हाम्रा ग्राहक, कर्मचारी, शुभचिन्तक तथा सम्पुर्ण देशबासीहरुमा सुख शान्ति, समृद्धि र दिर्घायुकोलागी मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।
प्रो. लक्ष्मण सेन्चुरी
**श्री पाल्पाली आकर्षण ज्वेलर्स परिवार**
बुटवल–५ अमरपथ, हाटबजारलाईन

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड
**‘विजया दशमी शुभ–दिपावली तथा छठ पर्व –२०७७’** को पावन अवसरमा संस्थाका सम्पुर्ण शेयरधनि महानुभावहरु, ग्राहकवर्ग,नियमनकारी निकाय एवं सहयोगी बैंक तथा वित्तीय संस्थाहरु लगायत शुभेच्छुक महानुभावहरुमा हार्दिक **मंगलमय शुभकामना** ब्यक्त गर्दछौं ।
**ध्रुव धिताल**
अध्यक्ष
**ईन्द्रेणी बहुउद्देश्य सहकारी संस्था लि. परिवार, बुटवल–८, रुपन्देही**

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड
**‘विजया दशमी शुभ–दिपावली तथा छठ पर्व –२०७७’** को पावन अवसरमा हाम्रा उपभोक्ता, शुभचिन्तक,कर्मचारी तथा सम्पुर्ण देशबासीहरुमा सुख शान्ति, समृद्धि र दिर्घायुकोलागी **मंगलमय शुभकामना** ब्यक्त गर्दछौं ।
**हरिप्रसाद तिवारी** तथा
**शंकरनगर खानेपानी उपभोक्ता तथा सरसफाई संस्था परिवार,**
योगीकुटी रुपन्देही

**सिद्धार्थ मिडिया सर्भिसेज प्रा.लि.** द्वारा प्रकाशित **नव तिलोत्तमा दैनिक**का लागि अध्यक्षः **जनक कोइराला**, प्रबन्ध सञ्चालक/सम्पादकः **माधव नेपाल**, फोन नं. **विज्ञापन**: ०७१-४३८५७४, **समाचार**: ०७१-४३८५७५ फ्याक्स नं. ०७१-४३८५७२ कार्यालयः कालिकानगर-१२ बुटवल इमेलः tilottamadainik@gmail.com, मुद्रणः **तिलोत्तमा प्रेस**, बुटवल रुपन्देही